संघीय संसद
प्रतिनिधि सभा
दशौं अधिवेशन
बैठक संख्या - २

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७८ साल पुस ६ गते मंगलबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको १:२० बजे प्रारम्भ भयो ।

सर्वप्रथम नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सभामा उपस्थित मा० सदस्यहरू सभामुख आशन अगाडिको वेलमा आई विभिन्न नाराहरू लगाउने क्रम शुरु गर्नुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले लोकतन्त्र सिद्धान्त मात्र नभएर पूर्ण पारदर्शी प्रक्रिया र समन्यायीक परिणामको औजार पनि हो । यस सिद्धान्तलाई लोकतन्त्रको अभ्यास गर्ने उच्चतम थलोको रुपमा रहेको संघीय संसदले अनिवार्य रुपमा बुझ्नु पर्दछ । परिस्थिति र परिवेश सँधै एकै रहँदैन । समसामयिक रुपमा परिस्थिति अनुकूल राष्ट्रिय हितलाई ध्यानमा राखी कार्यसम्पादन गर्नु र सरकारलाई गर्न लगाउनु संसदको मुख्य कर्तव्य पनि हो । उल्लिखित विषयवस्तु मनन गर्दै सहज सभा सञ्चालनमा सहयोग गर्न सम्पूर्ण मा० सदस्यहरुको ध्यानाकर्षण गराउन चाहन्छु भन्नुभयो । उहाँले जनप्रतिनिधिहरुको सर्वोच्च निकाय संघीय संसद एवं संसद सदस्यले स्वीकृत विधि, पद्धति एवं प्रकृया पालना गर्ने कुरामा अझै बढी संवेदनशील एवं प्रतिवद्ध हुन आवश्यक छ भन्ने कुरामा हामी सबै जानकार छौं । सभाको नियमित प्रकृयामा प्रवेश गरी आफ्ना असहमतिहरुलाई राख्न अनुरोध गर्दछु भन्नुभयो ।

साथै उहाँले सभाको बैठकलाई सुव्यवस्थित तरिकाबाट सञ्चालन गर्न आ-आफ्नो आशन ग्रहण गरी सहयोग गरिदिन र प्रतिनिधिसभा नियमावली, २०७५ को नियम ६ को उपनियम (६) बमोजिम बैठक संचालनमा आवश्यक सहयोगको लागि समेत अनुरोध गर्नुहुँदै नेपालको संविधानको धारा १०५ ले अदालतमा विचाराधीन मुद्दाहरुको सम्बन्धमा न्याय निरुपणमा प्रतिकूल असर पार्ने विषयमाथि संघीय संसदको कुनै सदनमा छलफल गर्न बन्देज गरेको कुरा पुनः स्मरण गराउँदै प्रतिनिधि सभा नियमावली, २०७५ को नियम २१ को खण्ड (ख), (ग) र (घ) का प्रावधानहरु हामी सबैले पालना गर्नुपर्ने प्रावधानहरु हुन् उल्लिखित प्रावधानहरु पालनाको लागि पुनः अनुरोध गर्नुहुँदै सभाका धैरै मा० सदस्यहरुले जनताका प्रत्यक्ष सरोकारका विषय राख्नका लागि समय माग गर्नुभएको र राष्ट्र सञ्चालनका महत्वपूर्ण कार्य समेत अवरुद्ध भएकोले उक्त कुरा मनन गरी सदन सहज सञ्चालनका लागि विशेष आग्रह गर्नुभयो ।

त्यसपछि पनि नारा लगाउने क्रम जारी रहेपछि सम्माननीय सभामुखले दैनिक कार्यसूचीको कार्यक्रम अगाडि बढाउनु हुँदै प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ९४ को उपनियम (१) बमोजिम मा० श्री प्रेम सुवालबाट "यौन हिंसा विरूद्धका केही ऐनलाई संशोधन गर्ने अध्यादेश, २०७८" लाई अस्वीकार गर्ने सूचना प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

तदुपरान्त उक्त सूचना दिनुहुने मा० श्री प्रेम सुवालले आफ्नो प्रस्तावको व्यहोरा पढी वक्तव्य दिनुभयो ।

तत्पश्चात मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री दिलेन्द्र प्रसाद बडूले अध्यादेश अस्वीकार गर्ने सूचना प्रस्तुत गर्ने क्रममा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि मा० श्री प्रेम सुवालले आफ्नो प्रस्ताव फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले "यौन हिंसा विरूद्धका केही ऐनलाई संशोधन गर्ने अध्यादेश, २०७८ लाई अस्वीकार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट अस्वीकृत भयो ।

तदुपरान्त मा० श्री प्रेम सुवालले पेश गर्नुभएको "यौन हिंसा विरूद्धका केही ऐनलाई संशोधन गर्ने अध्यादेश, २०७८ लाई अस्वीकार गरियोस्" भन्ने प्रस्ताव अस्वीकृत भएकोले मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री दिलेन्द्र प्रसाद बडूले "यौन हिंसा विरूद्धका केही ऐनलाई संशोधन गर्ने अध्यादेश, २०७८ लाई स्वीकृत गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ९४ को उपनियम (१) बमोजिम मा० श्री प्रेम सुवालबाट "फौजदारी कसूर तथा फौजदारी कार्यविधि सम्बन्धी केही ऐन संशोधन गर्ने अध्यादेश, २०७८" लाई अस्वीकार गर्ने सूचना प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

त्यसपछि उक्त सूचना दिनुहुने मा० श्री प्रेम सुवालले आफ्नो प्रस्तावको व्यहोरा पढी वक्तव्य दिनुभयो ।

तदुपरान्त मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री दिलेन्द्र प्रसाद बडूले अध्यादेश अस्वीकार गर्ने सूचना प्रस्तुत गर्ने क्रममा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात मा० श्री प्रेम सुवालले आफ्नो प्रस्ताव फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले "फौजदारी कसूर तथा फौजदारी कार्यविधि सम्बन्धी केही ऐन संशोधन गर्ने अध्यादेश, २०७८ लाई अस्वीकार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट अस्वीकृत भयो ।

त्यसपछि मा० श्री प्रेम सुवालले पेश गर्नुभएको "फौजदारी कसूर तथा फौजदारी कार्यविधि सम्बन्धी केही ऐन संशोधन गर्ने अध्यादेश, २०७८ लाई अस्वीकार गरियोस्" भन्ने प्रस्ताव अस्वीकृत भएकोले मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री दिलेन्द्र प्रसाद बडूले "फौजदारी कसूर तथा फौजदारी कार्यविधि सम्बन्धी केही ऐन संशोधन गर्ने अध्यादेश, २०७८ लाई स्वीकृत गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुतबाट स्वीकृत भयो ।

तदनन्तर अर्को बैठक २०७८ साल पुस ७ गते बुधबार दिनको १:०० बजे बस्नेगरी दिनको १:४५ बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव